प्रदेश सरकार

# उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

प्रदेश नं. १

विराटनगर (नेपाल)

प.सं. :

च.नं. :

## "नमूना विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापना सहयोगका लागि प्रदान गरिने आर्थिक अनुदान" सम्बन्धमा उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं. १, विराटनगरको सूचना

प्रथम पटक प्रकाशित मितिः- २०७६/०१/३०

यस मन्त्रालयको चालु आर्थिक वर्ष २०७५/०७६ को स्वीकृत वार्षिक कार्यक्रम अन्तर्गतको **"नमूना विज्ञान प्रयोगशाला प्रवर्द्धन तथा स्थापना सहयोग कार्यक्रम"** संचालन गर्नको लागि प्रदेश नं. १ मा रहेका सामुदायिक विद्यालयहरुबाट आवश्यक कागजात सहित प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस मन्त्रालयमा विस्तृत परियोजना प्रस्ताव सहितको निवेदन पेश गर्न हुन सम्वन्धित सवैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**प्रस्ताव आधार एवं निवेदन साथ पेश गर्नुपर्ने कागजातहरुः-**

क) माध्यमिक तहका सामुदायिक विद्यालय हुनुपर्ने (विज्ञान प्रयोगशाला नभएका विद्यालयहरु पहिलो प्राथमिकतामा पर्ने छन्)।

ख) तालिम प्राप्त विज्ञान शिक्षकको उपलब्धता प्रमाणित गर्ने कागज,

ग) विद्यालयको आफ्नै भवन रही सुरक्षाको राम्रो प्रवन्ध भएको हुनुपर्ने,

घ) विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता सहितको निर्णयको प्रतिलिपी ,

ङ) विद्यालयको भौतिक अवस्था सहितको स्थानीय तहको सिफारिस पत्र,

च) विद्यालयले पछिल्लो शैक्षिक सत्रको लेखापरीक्षण प्रतिवेदन तोकिएको समयमा सम्पन्न गराएको लेखापरीक्षण प्रतिवेदन,

छ) विद्यालयले पछिल्लो बर्षमा विद्यार्थीलाई SEE मा सहभागी गराएको संख्या तथा सहभागी विद्यार्थीले प्राप्त गरेको प्राप्ताङ्क GPA को विवरण खुल्ने कागजात ।

ज) कूल परियोजना प्रस्तावको कम्तिमा १० % (दस प्रतिशत) लागत सम्बन्धित विद्यालय स्वयंले व्यहोर्ने प्रतिवद्धता ।

झ) संचालन गरिने प्रस्तावित कृयाकलापको विस्तृत लागत ईष्टिमेट सहितको प्रस्तावना पेश गर्नु पर्ने ।

ञ) पहिलो चरणमा स्वीकृत मूल्याङ्कनको मापदण्ड बमोजिम जिल्लागत रुपमा प्रतिष्पर्धा गराई कम्तिमा एउटा जिल्लाबाट एक सामुदायिक विद्यालय पर्ने गरी १४ वटा सामुदायिक विद्यालय छनौट गरिने छ र दोस्रो चरणमा बाँकी १४ वटा समुदायिक विद्यालयको हकमा स्वीकृत मूल्याङ्कनको मापदण्ड बमोजिम तुलनात्मक रुपमा अधिकतम अंक प्राप्त गर्ने सामुदायिक विद्यालयहरुलाई यो कार्यक्रमको लागि छनौट गरिने छ । कुनै जिल्लाबाट प्रस्ताव प्राप्त नभएमा दोस्रो चरणको प्रकृया बमोजिम छनौट गरिने छ ।

ट) छानिएका विद्यालयलाई मन्त्रालयको तर्फबाट अधिकतम रु. १०,००,०००।- (दश लाख मात्र) उपलब्ध गराइने छ । उक्त रकमबाट विज्ञान प्रयोगशालाका लागि आवश्यक उपकरण, औजार सामग्री/रसायनहरु तथा प्रयोगशालालाई आवश्यक पर्ने विविध फर्निचर, १ थान कम्प्यूटर (डेक्सटप, प्रिन्टर), वाईफाई सामग्री आदि खरिद गर्न सकिनेछ ।

**द्रष्टव्यः** माथि उल्लेखित आधार र कागजातहरु सहित **"उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदान गर्ने अनुदान सम्वन्धी कार्यविधि, २०७६"** को अनुसूची ४ बमोजिमको प्रस्ताव तथा अनुसूची २ बमोजिमको निवेदन तोकिएको समयावधी भित्र मन्त्रालयमा दर्ता गराउनु पर्नेछ । **उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयले प्रदान गर्ने अनुदान सम्वन्धी कार्यविधि, २०७६** यस मन्त्रालयको वेभसाईट http://moitfe.p1.gov.np मा हेर्न सकिने छ ।

**प्रस्ताव पेश गर्ने अन्तिम समय सीमाः**

२०७६ जेष्ठ १३ गते कार्यालय समय भित्र

थप जानकारीको लागि उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, प्रदेश नं.१, विराटनगरमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

सम्पर्क नं. ०२१-४६०२२४, ४६१०४५, ४६३११९
Email: moitfepradesh1@gmail.com

२०७६/१/३०

बद्रीराज ढुगाना

प्रदेश सचिव